# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) विराटनगर, नेपाल, पुष ०६ गते, २०७७ साल (अतिरिक्ताङ्क ३१

## भाग २

प्रदेश सरकार

प्रदेश नं. १, विराटनगर, नेपाल

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको सूचना

<u>कटहरी फलफूल तथा तरकारी थोक बजार सञ्चालन (पहिलो संशोधन) नियमावली,२०७७</u>

कटहरी फलफूल तथा तरकारी थोक बजार सञ्चालन नियमावली, २०७७ लाई संशोधन गर्न वान्छनीय भएकोले,

कटहरी फलफूल तथा तरकारी थोक बजार सञ्चालन नियमावली, २०७७ को नियम २७ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. १ सरकारले देहायको नियमहरु बनाएको छ।

१. <u>**सङ्क्षिप्त नाम र प्रारम्भः**</u> (१) यस नियमावलीको नाम "**कटहरी फलफूल तथा तरकारी थोक बजार सञ्चालन (पहिलो संशोधन) नियमावली, २०७७**" रहेको छ।

(२) यो नियमावली प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. <u>**मुल नियमावलीमा नियम ३क र ३ख थप गरिएकोः**</u> कटहरी फलफूल तथा तरकारी थोक बजार सञ्चालन नियमावली,२०७७ (यसपछि "मूल नियमावली" भनिएको)मा नियम ३ पछि देहायको नियम ३क र ३ख थप गरिएको छ,-

"**३क. <u>निर्देशक समितिः</u>** (१) नियम ९ बमोजिम गठीत कटहरी फलफूल तथा तरकारी थोक बजार विकास समितिलाई आवश्यक निर्देशन दिन एवम् अन्य निकायहरुसँग समन्वय गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः

(क) मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - अध्यक्ष

(ख) प्रमुख, विराटनगर महानगरपालिका - सदस्य

(ग) अध्यक्ष, कटहरी गाँउपालिका - सदस्य

(घ) सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय - सदस्य

(ङ) सचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालय - सदस्य

(च) सचिव, भौतिक पुर्वाधार विकास मन्त्रालय - सदस्य

(छ) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(ज) प्रमुख, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय - सदस्य

(झ) प्रमुख, कृषि विकास निर्देशनालय - सदस्य

(ञ) अध्यक्ष, जनप्रिय मा.वि., कटहरी सञ्चालक समिति - सदस्य

(ट) अध्यक्ष, कटहरी फलफूल तथा तरकारी थोक बजार विकास समिति - सदस्य सचिव

(२) निर्देशक समितिका अध्यक्षले आवश्यकता अनुसार समितिको बैठक बोलाउन सक्नेछ।

३ख. **निर्देशक समितिको काम, कर्तव्य र अधिकार:** नियम ३क बमोजिमको निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कटहरी फलफूल तथा तरकारी थोक बजार विकास समितिद्वारा समाधान हुन नसकेका समस्याको समाधान गर्ने।

(ख) अन्तरमन्त्रालय वा निकायसँग सम्बन्धित विषयको बारेमा समन्वयका लागि सिफारिस गर्ने।

(ग) बजार सञ्चालन एवम् व्यवस्थापन सम्बन्धमा समिति तथा बजार सञ्चालन तथा व्यवस्थापन गर्ने विशिष्टीकृत सहकारी सङ्घलाई आवश्यकता अनुसार निर्देशन दिने।"

३. **मुल नियमावलीको नियम ९ मा संशोधनः** (१) कटहरी फलफूल तथा तरकारी थोक बजार सञ्चालन नियमावली,२०७७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ९ को उपनियम (२) को खण्ड (घ) झिकिएको छ ।

(२) कटहरी फलफुल तथा तरकारी थोक बजार सञ्चालन नियमावली,२०७७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ९ को उपनियम (२) को खण्ड (झ) पछि देहायको खण्ड (झ१),(झ२),(झ३) र (झ४) थपिएको छ ।

(झ१) वडा अध्यक्ष, कटहरी गा.पा. वडा नं १ -सदस्य

(झ२) कटहरी गा.पा. वडा नं. १ को वडा कार्यालयको सिफारिस बमोजिम स्थानीय सङ्घसंस्था, क्लब मध्येबाट



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

२ जना - सदस्य

(झ३) गाउँपालिकाले तोकेको एक जना महिला सहित दुई जना किसान प्रतिनिधि - सदस्य

(झ४) अध्यक्ष, तत्कालिन जग्गा संरक्षण संवर्द्धन समिति - सदस्य

(३) कटहरी फलफूल तथा तरकारी थोक बजार सञ्चालन नियमावली, २०७७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ९ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ।

"(३) उपनियम (२) को खण्ड (ग), (ङ), (च), (झ), (झ२) र (झ३) बमोजिमको सदस्यको पदावधि तीन वर्षको हुनेछ र निजहरु दुई कार्यकाल भन्दा बढी सदस्य हुन पाउने छैनन्।"

स्वीकृत मितिः- २०७७/०९/०६

आज्ञाले,
निरु दाहाल पाण्डे
प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
**website:- moial.p1.gov.np**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १